नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर



बोलपत्र आह्वानको सूचना

बोलपत्र आह्वानको सूचना नं - **EPS-OS-NCB-01-2083-84**

प्रथम पटक प्रकाशित मिति - २०८३/०८/०५

१. वैदेशिक रोजगार विभाग, ई.पि.एस. कोरिया शाखाले मिति २०८३/१०/०३ गते देखी लागू हुने गरी **रोजगार अनुमति प्रणाली अन्तर्गत कोरिया प्रस्थान गर्ने श्रमिकहरुको लागि एक वर्ष सम्मको लागि काठमाडौंबाट दक्षिण कोरियाको सिओलसम्मको एकतर्फी हवाई टिकट उपलब्ध गराउने** प्रयोजनार्थ राष्ट्रिय स्तरको बोलपत्र अन्तर्गत एक चरण एक खाम विधि बमोजिम देहायको विवरण अनुसारको खरिद कार्यका लागि योग्य बोलपत्रदाताहरूबाट विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्दछ ।

२. बोलपत्रमा सहभागी हुन ईच्छुक बोलपत्रदाताहरुले आफ्नो फर्म/संस्था/कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, एयरलाईन्स वा एयरलाईन्सको आधिकारिक प्रतिनिधि वा ट्राभल एजेन्सी भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०८२/८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा कर चुक्ताको म्याद थप गरेको पत्रको प्रतिलिपि लगायतका आवश्यक कागजातहरु **Scan** गरी बोलपत्र साथ अपलोड वा पेश गर्नुपर्नेछ ।

३. बोलपत्र पेश गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली **www.bolpatra.gov.np** बाट निःशुल्क रूपमा बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड गर्न सकिनेछ ।

४. बोलपत्र पूर्वको वैठक मिति **२०८३ मङ्सिर १५** गते दिनको ११:०० बजे **इपिएस कोरिया शाखा, ग्वार्को ललितपुरमा** आयोजना गरिनेछ।

५. शिलबन्दी बोलपत्रहरू **मिति २०८३ मङ्सिर २८** गते दिनको १२:०० बजे भित्र इपिएस कोरिया शाखा, ग्वार्को ललितपुरमा स्वयं उपस्थित भई /कुरियरमार्फत वा सार्वजनिक खरिद अनुगमन कार्यालय (**PPMO**) को वेबसाइट **www.bolpatra.gov.np/egp** मार्फत पेश गरिसक्नुपर्नेछ। दर्ता हुन आएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरूको रोहवरमा यस शाखामा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

६. बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन तथा पूर्व बोलपत्रको बैठकको लागि तोकिएको दिन सार्वजनिक बिदा परी कार्यालय बन्द भएमा उक्त कार्य त्यसपछी कार्यालय खुलेको दिनमा हुनेछ । त्यस्तो अवस्थामा बोलपत्र तथा बोलपत्र जमानतको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिका लागि तोकिए बमोजिम नै यथावत् रहनेछ।

७. यस कार्यालयको नाममा कुनै "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको देहाय बमोजिमको विडबण्ड वा नगदै जमानत जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक जमानीपत्रका साथै अन्य कागजातहरु **Scan** गरी बोलपत्रसाथ अपलोड गर्नुपर्नेछ ।

जमानत रकम – २,२०,००,०००/- (अक्षररुपी दुई करोड बीस लाख)	धरौटी खाताको नामः इपिएस कोरिया शाखा
धरौटी खाता नं - १८०१०००००२००३०००००१	कार्यालय कोड नं.: ३७१०२३४०१
खातावालाको नामः कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुर	बोलपत्र जमानतको मान्य अवधी – बोलपत्र खोलेको मितिले १२० दिन

८. यस कार्यालयले कुनै कारण जनाई वा नजनाई प्राप्त बोलपत्रहरू आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार सुरक्षित राख्दछ।

९. यस बोलपत्र प्रक्रिया अन्तर्गत सम्पन्न हुने खरिद सम्झौता मिति २०८३ माघ ३ गते (सन् २०२७ जनवरी १७ तारिख) देखि लागू भई कार्यान्वयनमा आउनेछ।

१०. टिकट आपूर्ती सम्बन्धी विवरण, परिमाण एवं स्पेशिफिकेसन बोलपत्र फाराममा उल्लेख गरिएको छ । पेश गर्नुपर्ने कागजातहरु र ढाँचा सोही फारममा भए बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राख्न वा फोन नं ०१-५१८६३४९ र ईमेल **epsnepalgov@gmail.com** मार्फत सम्पर्क गर्न सकिनेछ ।

११. यस बोलपत्र आह्वानको सूचनामा उल्लेख नभएका अन्य विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछन्।